# नव प्रवर्द्धन कोष (Innovation Fund) को लागि आवेदन आह्वान

## प्रथम पटक प्रकाशित मिति २०८१ कार्तिक ४ गते

मुक्त कमैया महिला विकास मंचले एफ.सी.ए नेपाल तथा Women Bank को आर्थिक सहयोगमा कैलाली जिल्लाको धनगढी उप महानगरपालिका र गोदावरी नगरपालिकाका सीमान्तकृत समुदायका महिला तथा युवाहरूलाई उद्यमशिलता प्रबर्धनमार्फत अतिरिक्त आम्दानीका श्रोतहरु स्थापना गर्ने, आर्थिक स्वतन्त्रता प्राप्त गर्न सशक्त पार्ने साथै लैंगिक भेदभाव न्यूनीकरण गर्न र समानता प्रवर्द्धन गर्ने उद्देश्य राखी 'गैर-परम्परागत क्षेत्रहरूमा महिला उद्यमशीलता विकास परियोजना ' संचालन गर्दै आइरहेको छ |

यस कार्यक्रम अन्तर्गत कैलाली जिल्लामा दर्ता भई सेवा ब्यबसाय संचालन गरिरहेका निजी फर्म/कम्पनी तथा सहकारीहरूलाई जसले गैर-परम्परागत क्षेत्रमा उद्यम संचालन तथा विस्तार गरि लक्षित् सिमान्तकृत समुदायमा रोजगारी / आयआर्जनका अवसरहरु सिर्जना गर्ने उधेश्य सहित **'नव प्रवर्द्धन कोष (Innovation Fund)'** को लागि प्रस्ताव आह्वान गरिएको छ | इच्छुक निजी फर्म/कम्पनी तथा सहकारीहरूले आफुले काम गर्न चाहेको पालिका खुलाई (गोदावरी नगरपालिका र धनगढी उप-महानगरपालिक मध्येबाट) बढीमा रु ५००,०००/- (रु पांच लाख) सम्मको प्रस्ताव पेश गर्न गर्नुहुन अनुरोध गरिन्छ |

**आवेदकको योग्यता:** कैलाली जिल्ला मा दर्ता भइ बिगत एक (१) वर्षदेखि संचालनमा रहेका नाफामूलक वा गैर नाफा मूलक निजी कम्पनी/फर्म तथा सहकारीहरू |

**आवेदन प्रक्रिया:**

यस कोषमा आवेदन दिन माथि उल्लेखित योग्यता पुगेका निजी संस्था तथा सहकारी हरुले निम्न उल्लेखित समय तालिका अनुसार उपलब्ध ढाँचामा रही प्रस्ताव आवेदन गर्न सक्नेछन | आवेदन फारम मुक्त कमैया महिला विकास मंच को कार्यालय बाट प्राप्त गर्न सकिनेछ | साथै आवेदन दिन इच्छुक कम्पनी/फर्म तथा सहकारीहरुलाई एउटा अभिमुखीकरणको आयोजना गरिने छ |

**आवेदन बुझाउने अन्तिम मिति:** बुधबारबार , कार्तिक २८ , २०८१ (November 13, 2024), ५ बजे

**कोष सम्बन्धि बिस्तृत जानकारी तथा आवेदन फारमको लागि सम्पर्क:**

मुक्त कमैया महिला विकास मंच, धनगढी-१ शिबनगर, कैलाली
फोन न.०९१-५२५३२६
इमेल: fkwdf.pc@gmail.com fkwdf.org.np@gmail.com

# नव प्रवर्द्धन कोष (Innovation Fund): परिचय तथा आवेदन प्रक्रिया

## १. पृष्ठभूमि

मुक्त कमैया महिला विकास मंचले एफ.सी.ए नेपाल तथा Women Bank को आर्थिक सहयोगमा कैलाली जिल्लाको धनगढी उप महानगरपालिका र गोदावरी नगरपालिकाका सीमान्तकृत समुदायका महिला तथा युवाहरूलाई अतिरिक्त आम्दानीका श्रोतहरु स्थापना गर्ने, आर्थिक स्वतन्त्रता प्राप्त गर्न सशक्त पार्ने साथै लैंगिक तथा जातीय भेदभाव घटाउने र समानता प्रवर्द्धन गर्ने उद्देश्य राखी 'गैर-परम्परागत क्षेत्रहरूमा महिला उद्यमशीलता विकास' संचालन गर्दै आइरहेको छ |

ग्रामीण उद्यमशीलतालाई सशक्त पार्न नेपालमा वित्तीय र अन्य स्रोतहरूमा सीमित पहुँच, सामाजिक-सांस्कृतिक मान्यताहरू, भौतिक पूर्वाधारको अभाब र प्राविधिक अवरोधहरू जस्ता महत्त्वपूर्ण चुनौतीहरू छन् जसमा बजार पहुँचमा कठिनाइ, जलवायु जोखिमहरू जस्ता समस्याहरूले थप जटिलता थप्दछ। यी मुद्दाहरूलाई सम्बोधन गर्न तथा ग्रामीण उद्यमीहरूको अनुकूल वातावरणको प्रवर्द्धन व्यापक निजी क्षेत्रको संलग्नता, नीतिगत सहजता, सामुदायिक संलग्नता आवश्यक छ।

'नव प्रवर्द्धन कोष (Innovation Fund)' यस परियोजनाको एक प्रमुख कार्यक्रमको रूपमा प्रारूप गरिएको छ, जसले गैर-परम्परागत उद्यमहरूमा प्रवेश गर्न इच्छुक निजी सस्था तथा सहकारीहरुको लागि प्रोत्साहन स्वरूप केहि आर्थिक सहयोग प्रदान गर्दछ।

## २. नव प्रवर्द्धन कोष: परिचय

नव प्रवर्द्धन कोष एक प्रोत्साहन संयंत्र/कार्यक्रम हो, जसले विद्यमान निजी कम्पनी तथा सहकारीहरूलाई गैर-परम्परागत क्षेत्रमा उद्यम सुरु गर्न वा विस्तार गर्न लागेको लागतको केही हिस्सा सहयोग गर्ने र सम्भावित आर्थिक जोखिमलाई कम गर्ने काम गर्दछ। नव प्रवर्द्धन कोषले बजारमा रहेका अनिश्चितताहरूलाई हटाएर निजी क्षेत्र तथा सहकारीहरूले कार्यक्रमको लक्षित् लाभग्राहीहरुको आर्थिक विकासका लागि गैर-परम्परागत क्षेत्रमा रोजगारी वा उद्यमशीलता अवसरहरूको प्रवर्द्धन गर्न योगदान गर्न सक्छ। यो एक खुल्ला प्रतिस्पर्धा हो, जसमा गैर-परम्परागत उद्यमहरूमा नयाँ उद्यमहरू सुरु गर्न वा सुरु गर्ने उद्देश्य राख्ने मुनाफामुखी निजी कम्पनी तथा सहकारीहरूले तोकिएको ढाचामा प्रस्तावना आवेदन गर्न सक्दछन |

## ३. उद्देश्य:

- परियोजना संचालन भएका पलिकहरुमा गैर-परम्परागत क्षेत्रहरूमा उद्यमशीलता तथा रोजगारीको अवसरहरुको प्रवर्द्धन गर्नु |
- ग्रामीण अर्थतन्त्रमा वृद्धि ल्याउदै गैर-परम्परागत उद्यम प्रवर्धनमा निजी क्षेत्रको सक्रिय सहभागिता र लगानीमार्फत अनुकूल बाताबरणलाई प्रवर्द्धन गर्नु |

## ४. अपेक्षित् प्रस्ताव

यस कोष मार्फत माथि उल्लेखित उद्देश्य हासिल गर्न गैर-परम्परागत उद्यम र जीविकोपार्जनका अवसरहरू सिर्जना गर्ने उत्कृष्ट प्रस्तावहरुलाई सहयोग गरिने छ | यस्ता प्रस्तावहरुले गैर परम्परागत क्षेत्रम उद्यम तथा रोजगारी सिर्जना गर्नु को साथै त्यस संग सम्बन्धित मूल्य श्रृंखलालाई सुदृधबनाउन पर्याप्त काम गर्नुपर्ने हुन्छ | यस्ता प्रस्तावित उद्यमहरुले निम्न तीन मापदण्डहरू लाई मध्यनजर गरेको हुनुपर्दछ, जसले ती उद्यमको प्रभावकारीता र दिगोपना बनाउन सुनिश्चित गर्छ।

- इच्छनीय (Desirable): उद्यमले लक्षित समुदाय वा ग्राहकहरूको समस्या/आवश्यकताहरू र आकांक्षाहरू पूरा गर्नुपर्छ, जसले उनीहरूको जीवनमा सकारात्मक प्रभाव पार्नेछ र यो उनीहरूलाई साँच्चै चाहिएको वा आवश्यक पर्ने हुनुपर्छ।

- व्यवहार्य (Viable): उद्यम आर्थिक रूपमा दिगो हुनुपर्छ, जसले आफ्नो लागतहरू धान्न र अन्ततः नाफा कमाउन पर्याप्त आयको स्रोत उत्पन्न गर्न सक्नुपर्छ ‌|
- सम्भव (Feasible): उद्यम कार्यान्वयन गर्न व्यवहारिक हुनुपर्छ| उपलब्ध स्रोतहरू, सीपहरू, प्रविधि र पूर्वाधारलाई ध्यानमा राख्दै, र स्थानीय सन्दर्भ र सीमाहरूलाई विचार गर्दा यथार्थपरक हुनुपर्छ।

*गैर-परम्परागत उद्यमहरू र जीविकोपार्जनका अवसरहरू:*

गैर-परम्परागत उद्यमहरू र जीविकोपार्जनका अवसरहरूले लैंगिक, जाती, वर्ग, धर्म, यौनिक झुकाव, अशक्तता र अन्य सीमान्तकृत तथा विभेदकारी संरचनाहरूका अन्तरसम्बन्धहरूबाट उत्पन्न हुने रूढिवादी धारणाहरूलाई तोड्न मद्दत गर्नु पर्छ। यी अवसरहरूले उपलब्ध सम्भाव्य जीविकोपार्जन विकल्पहरूको दायरा बढाउनु पर्छ र तिनीहरूलाई सीप, प्रविधि, बजार, गतिशीलता र स्रोतहरूमा पहुँच र नियन्त्रण दिनु पर्छ।

गैर-परम्परागत उद्यमहरू र जीविकोपार्जन अवसर हुनका लागि निम्न केहि बुँदाहरू समावेश गर्नु पर्छ (तर यत्तिमै सीमित हुनु जरुरी छैन):

क) लैंगिक , सांस्कृतिक, सामाजिक रूढिवादिता तोड्ने,
ख) आधुनिक तथा डिजिटल प्रविधिको प्रयोग (डिजिटल जीविकोपार्जन),
ग) जलवायु प्रतिरोधी उद्यमहरू, फोहर ब्यबस्थान तथा Circular Economy का उद्यमहरू,
घ) स्थानीय सन्दर्भमा नयाँ/परिवर्तनीय केही ल्याउने।

**५. समयावधी:**

प्रस्तावित उद्यम (परियोजना) को समयावधी न्युनतम ४ देखि १२ महिना सम्म को हुन सक्छ | प्रस्ताव तयार गर्दा यसको कार्यन्वयन कार्यतालिका कम्तिमा पनि पौष को तेस्रो साता (December 1, 2024) बाट गर्ने र २०८२ मङ्सिर दोस्रो साता (November 31, 2025) सम्म सकिने गरि गर्नु पर्नेछ |

## ६. आवेदनकर्ता को योग्यता

1. यो बिशुद्द रुपले निजी कम्पनी/फर्म तथा सहकारीहरू को लागि मात्र खुल्ला कार्यक्रम हो |
2. कैलाली जिल्ला मा दर्ता भइ बिगत एक (१) वर्षदेखि संचालनमा रहेका नाफामूलक वा गैर नाफा मूलक निजी कम्पनी/फर्म तथा सहकारीहरू यो कोषमा आवेदन दिनका लागि योग्य हुनेछन्
3. आवेदन दिने सस्थाले एक आर्थिक बर्ष पुरा गरि लेखा परिक्षण गरेको हुनु पर्दछ |
4. धनगढी उप महानगरपालिका वा गोदावरी नगरपालिका मध्येका लक्षित् समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभान्वित गराउने लक्ष्य लिएको हुनु पर्दछ |
5. कोष ले तोकेको match योगदान पर्याउन सक्नु पर्दछ |

**७. आवेदन प्रक्रिया:**

क) यस कोषमा आवेदन दिन माथि उल्लेखित योग्यता पुगेका निजी संस्था तथा सहकारीहरुले निम्न उल्लेखित समय तालिका अनुसार उपलब्ध ढाँचामा रही प्रस्ताव आवेदन गर्न सक्नेछन |

- Expression of Interest' (बोलपत्र आव्हान): आइतबार, कार्तिक ४, २०८१ (October 20, 2024)
- अभिमुखीकरण: आइतबार, कार्तिक २७, २०८१ (October 27, 2024)
- आवेदन बुझाउने अन्तिम मिति: बुधबार , कार्तिक २८ , २०८१ (November 13, 2024)
- छनौट भएका आवेदकलाई जानकारी तथा सम्झौता: मङ्सिर ९, २०८१ (November 24, 2024)

- परियोजना कार्वान्वयन: मङ्सिर तेस्रो हप्ता देखि

ख) आवेदन ढांचा अनुसूची १ मा संग्लन गरिएको छ |

ग) आवेदन प्रस्तावनामा प्रस्तावक ले काम गर्न चाहेको पालिका तथा लक्षित् समूह सख्या प्रस्ट रुपमा खुलाएको हुनुपर्ने छ |

घ) आवेदनको साथमा सस्था दर्ता तथा नविकरणको प्रमाणपत्र र आगामी आर्थिक बर्षको लेखा परिक्षण प्रतिलिपि अनिबार्य सग्लग्न गर्नु पर्ने छ |

ङ) प्रस्तावना को भाषा नेपाली वा अंग्रेजी मध्ये कुनै हुन सक्दछ |

च) आवेदन इमेल fkwdf.pc@gmail.com अथवा मुक्त कमैया विकास मंचको कार्यालयमा आएर बुझाउन सकिन्छ | इमेल गर्दा बिषय मा 'Innovation Fund Application' अनिवार्य उल्लेख गर्नुहोला |

छ) उपलब्ध आवेदकहरुको नव प्रवर्द्धन कोष चयन समितिले समीक्षा गर्नेछ र अवधारणा नोटहरू प्राप्त गरेको १० दिनभित्र थप प्रक्रिया र अनुमोदनका लागि उत्कृस्ट प्रस्ताव छनोट गर्नेछ। सोहि अनुसार चयन गरिएका सस्थाहरुलाई सूचित गरिनेछ, र कार्यान्वयन प्रक्रियाको लागि थप निर्देशित गरिनेछ।

ज) प्रस्तावको समीक्षा गर्दा प्रस्तावित आयोजना (उद्यमको) सान्दर्भिकता तथा यसले समुदायमा पर्ने सकारात्मक प्रभाव, लक्षित व्यक्तिको संख्या, प्रस्तावित रकमको सहि सदुपयोग (value for money), प्रस्तावक सस्थाको अनुभव आदि मापदण्डहरूसँगै विचार गरिनेछ ।

**८. बजेट :**

- कोषको लागि जम्मा रु १०,००,००० रकम तोकिएको छ जसमा २ वटा आवेदक (प्रत्येक पालिका को लागि एक संस्था) लाई छनौट गर्ने योजना रहेको छ | तसर्थ आवेदकले प्रस्ताव गर्दा बढीमा रु. ५,००,००० (रु पाँच लाख ) सम्मको आर्थिक प्रस्ताव गर्न सक्ने छ | तथापी आवेदकले आवश्यकता आनुसार सो भन्दा कम रकम पनि प्रस्ताव गर्न सक्नेछ | आवेदन रकम अधिकतम उल्लिखित रकम भन्दा कम छ भने, परियोजनाले कोषको उपलब्धताका आधारमा दुईभन्दा बढी अवधारणा/संस्थाहरु पहिचान गर्न सक्दछ।
- आफुले प्रस्ताव गरेको कुल रकमको कम्तिमा पनि २५% रकम आवेदक संस्थाले नगद वा बस्तुगत योगदान को रुपमा अनिवार्य राख्नु पर्ने हुन्छ |
- आवेदक संस्थाहरुले प्रस्तावित रकमको आदर्श उपयोग भनेको उत्पादनको लागि मसिन तथा उपकरण खरिद, उत्पादनको लागि कच्चा सामग्री स्रोतको रूपमा वा रोजगारदाताको रूपमा लक्षित् समुदायलाई संलग्न गर्न, समुदायमा पहुँच र लक्षित् समुहको क्षमता अभिवृधि गर्न, ब्रान्डिङ, प्याकेजिङ, र मार्केटिङमा गरिने खर्च हुनेछ |
- कोषलाई सञ्चालक समितिका सदस्यहरूको तलब भुक्तानी वा वर्तमान कर्मचारीहरूको तलब, भौतिक संरचना (भवन/फर्निचर/ल्यापटप) आदिमा खर्च गर्न पाइनेछैन ।

**थप जानकारीको लागी सम्पर्क:**

इन्द्र चौधरी
कार्यक्रम संयोजक
मुक्त कमैया महिला विकास मंच
फोन न. ०९१-५२५३२६
इमेल: fkwdf.pc@gmail.com

# नव प्रवर्द्धन कोष (Innovation Fund) प्रस्ताव आवेदन फाराम

## १. प्रस्तावकको विवरण:

| | |
|---|---|
| संस्थाको नाम: | |
| संस्थाको प्रकार: | ☐प्राइभेट फर्म ☐साझेदारी फर्म ☐ प्राइभेट लिमिटेड ☐सहकारी सस्था |
| संस्थाको दर्ता नम्बर: | |
| दर्ता मिति *(दिन / महिना /बर्ष)*: | |
| स्थायी लेखा नम्बर (PAN): | |
| लेखा परिक्षण मिति: | |
| हालको सञ्चालन अवस्था/मूख्य ब्यबसाय : | |
| संस्थाको ठेगाना: | |
| सम्पर्क व्यक्ति: | |
| सम्पर्क नम्बर: | |
| इमेल ठेगाना: | |

## २. प्रस्तावित उद्यम/परियोजनाको विवरण:

**२.१ उद्यमको नाम:**

**२. २ उद्यम संचालन गरिने स्थान:**

**२.३ लक्षित् पालिका** : ☐ धनगढी उपमहानगर पालिका ☐ गोदावरी नगरपालिका

**२.४ उद्यमको प्रकार:** ☐नयाँ ☐विस्तार

**२.५ उद्यम मार्फत गर्न खोजेको उत्पादन/सेवा क्षेत्र:**

**२.६ उद्यम संचालनको समयावधि:**

**२.७ लक्षित समुदाय वा समूह:**

**२.८ लक्षित व्यक्ति/घरधुरी संख्या:**

## ३. प्रस्तावित उद्यमको विवरण/व्यवसाय योजना:

**३.१ उद्यमको उद्देश्य:**

**३.२ लक्षित समस्या/आवश्यकता:**

**३.३ उत्पादन वा सेवा विवरण** *(समाधानका विधिहरू):*

**३.४ बजार विश्लेषण** *(उपलब्ध सम्भावित बजार, प्रतिस्पर्धा आदि):*

**३.५ प्रस्तावित उत्पादन वा सेवाको मूल्य श्रृंखला तथा त्यसको उपलब्धता:**

**३.६ जोखिम विश्लेषण** *(प्रभाव गर्ने प्रमुख जोखिम र समाधान योजना):*

**३.७ दिगोपन योजना:**

## ४. कार्यान्वयन योजना *(प्रस्तावित उद्यम संचालनको कार्यतालिका)*

| प्रमुख गतिविधिहरू | प्रारम्भ मिति | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## ५. लक्षित समुदायमा उद्यमको प्रभाव र लाभहरू:

**५.१ प्रस्तावित उद्यमले सीप, प्रविधि, बजार पहुँचमा कसरी योगदान पुर्‍याउँछ?**

**५.२ गैर-परम्परागत क्षेत्रको अवसर कसरी सिर्जना गर्छ? उद्यमले लैंगिक, सांस्कृतिक तथा सामाजिक रूढिवादिता कसरी तोड्न मद्दत गर्छ?**

## ६. बजेट विवरण:

| विवरण | नगद | बस्तुगत | जम्मा |
|---|---|---|---|
| **कोष संग माग गरिएको बजेट** | रु. | - | रु. |
| **स्व योगदान** (कम्तिमा २५% हुनुपर्ने ) | रु. | रु. | रु. |
| **कुल प्रस्तावित बजेट** | रु. | रु. | रु. |

**अन्य स्रोत/सहयोग (यदि छ भने):**

*(बिस्तृत वित्तीय योजना तथा बजेट अनुसुची १. मा उपलब्ध ढाचा मा रही अलग्गै प्रस्तुत गर्नुहोला)*

## ७. आवेदनकर्ताको अनुभव र योग्यता:

*(संस्थाको गैर-परम्परागत क्षेत्रमा काम गरेको अनुभव वा पूर्व परियोजनाहरुको संक्षिप्त विवरण)*

## ८. संलग्न कागजातहरू:

संस्थाको दर्ता प्रमाणपत्र ☐

स्थायी लेखा नम्बर (PAN): ☐

लेखा परिक्षण प्रतिवेदन: ☒

करचुक्ता परमाण पत्र : ☒

अन्य (उल्लेख गर्नुहोस )__________________

## ९. अतिरिक्त जानकारी *(यदि कुनै छ भने):*

---

**प्रस्तावकको नाम:**

**पद:**

**हस्ताक्षर:**

**सस्थाको छाप:**

**मिति:**

अनुसूची १:

**बिस्तृत वित्तीय योजना तथा बजेट**

| बजेट शिर्षक | अनुमानित लागत | प्रस्तावित कोष योगदान | स्व योगदान (नगद तथा बस्तुगत) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्व योगदान बिवरण

| बजेट शिर्षक | कूल स्व-योगदान लागत | नगद | तथा बस्तुगत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |